## *आय ठेक्का सम्वन्धि अन्य शर्तहरु:-*

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंकमध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मूल्य अभिबृद्धि कर रकम सहितको ठेक्का अवधि सम्मका नेत्रावती डबजोङ गाउँपालिकाको बैक खातामा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गका बाणिज्य बैंकको जमानत (पर्फमेन्स बण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिईनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७७ साल फागुनमसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०७८ साल आषाढ मसान्तसम्म | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

३. ठेक्का कबोल गर्ने ठेकेक्दारले नेत्रावती डबजोङ गाउँपालिकाले तोकिएको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टा छुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरेको रकम बिक्री तथा निकासी आय खातामा मूल्य अभिवृद्धि करको हिसाव निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद बार्षिक रुपमा नेत्रावती डबजोङ गाउँपीलकामा बुझाउन ुपर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ । साथै दररेट सहितको साईनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. ठेक्कामा कुनै बिवाद भएमा नेत्रावती डबजोङ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

७. नेत्रावती डबजोङ गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

८. ठेक्कामा उललेखित दररेट भरी खाममा दरभाउपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ । कम्तीमा ३ वटा रीत पूर्वक दरभाउपत्र पर्न नआएमा पुन: सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

९. ढुंगा गिटी, वालुवा, आदिको कर प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईनेछैन ।

१०. जमानी बापत दरभाउपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. तोकिएको समयमा ताकिएको किस्ता रकम बुझाउनुपर्नेछ, अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा (क) वर्गको बैंकबाट जारी गरि पेश गरिएको कार्यसम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ, सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाईनेछैन ।

१२. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बिन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३. नेत्रावती डबजोङ गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिकाका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिनभरी प्रयोग गरेको ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडो आदी र विदेशी दातृनिकायसँग भएको करछुट सम्बन्धि सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन ।

१४. प्रचलित ऐन नियम, कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१५. नेत्रावती डबजोङ गाउँपालिका भित्रका नदी नालाबाट ढुंगा गिटी बालुवा निकाली बिक्री तथा निकासी गर्ने क्रममा गाउँपालिकाभित्रका पक्की पुलको तल माथी हजार मिटर क्षेत्रबाट निर्माण सामग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानूननले पुर्ण रुपमा प्रतिबन्द लगाएको हुँदा कर संकलनले सो कुरालाई पूर्ण रुपमा ध्यान दिनुपर्नेछ, ढुंगा, गिटी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।

१६. कार्यालय प्रमुख वा अख्तियारप्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।

१७. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरको बिचमा खोलिनेछ तर, बोलपत्र दाता वा निजको प्रतिनिधि सो कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१८. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायीक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धिकर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी पेश गर्नुपर्नेछ ।

१९. बोलपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी नेत्रावती डबजोङ गाउपालिकाको कार्यालय, सेमजोङ धादिङबाट खरिद गरी पेश गर्न सकिनेछ ।

२०. ढुंगा, गिटी, बालुवा, आदिको संकलन उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, नेत्रावती डबजोङ गाउँपालिकाले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२१. ढुंगा, गिटी, बालुवा, आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्न र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

२२. बोलपत्र स्वीकृत गर्न आसयको सूचना प्राप्त गरी तोकिएको समय भित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

२३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति प्रश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२४ अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको वेभसाइट www.netrawatimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत